उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, "तिमीले मसित ठूलो कुराको बारेमा सोधेको छौ र यो त्यसको लागि मात्र सहज हुन्छ, जसका लागि अल्लाहले सहज बनाइदिनुहुन्छ

मुआज बिन जबल (रजियल्लाहु अन्हु) बाट वर्णित छ, उहाँले भन्नुभयो, “मैले सोधेँ, ‘हे अल्लाहका रसूल! मलाई यस्तो कर्मको बारेमा बताउनुहोस्, जसले मलाई स्वर्गमा प्रवेश गराओस् र नर्कबाट टाढा राखोस्।" उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, "तिमीले मसित ठूलो कुराको बारेमा सोधेको छौ
र यो त्यसको लागि मात्र सहज हुन्छ, जसका लागि अल्लाहले सहज बनाइदिनुहुन्छ: अल्लाहको उपासना गर र उहाँसँग कसैलाई साझेदार नबनाऊ। नमाज कायम गर, जकात देऊ, रमजान महिनाको रोजा (व्रत) बस र बैतुल्लाह (काबा) को हज गर।" फेरि उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, "के म तिमीलाई भलाइ (कल्याण) का ढोकाहरूको बारेमा नबताऊँ? रोजा ढाल हो र दानले पापहरूलाई त्यसरी नै मेटाइदिन्छ, जसरी पानीले आगोलाई निभाउँछ। त्यसैगरी, मानिसले रातमा पढ्ने नमाज ।" त्यसपछि उहाँ ले यो आयत पढ्नुभयो: "तिनीहरू (रात्रीको समयमा) आफ्नो ओछ्यानबाट अलग्गै रहन्छन्। तिनीहरू आफ्ना पालनकर्तालाई भय एवं आशाका साथ पुकार्छन् र हामीले प्रदान गरेका कुराहरूबाट खर्च गर्छन्। अनि कुनै पनि व्यक्तिलाई थाहा छैन कि उनीहरूले गर्ने कर्मको प्रतिफलस्वरूप उनीहरूका लागि आँखालाई शीतलता प्रदान गर्ने कस्तो कुरा लुकाएर राखिएको छ।" (सुरह सज्दा, १६-१७)। फेरि उहाँले भन्नुभयो, "के म तिमीलाई धर्मको मूल आधार, केन्द्रिय स्तम्भ र त्यसको सर्वोच्च शिखरको बारेमा नबताऊँ?" मैले भनेँ, 'अवश्य बताइदिनुहोस्, हे अल्लाहका रसूल!' उहाँले भन्नुभयो, "धर्मको मूल आधार इस्लाम (समर्पित गर्नु) हो, यसको केन्द्रिय स्तम्भ नमाज हो र यसको सर्वोच्च शिखर 'जिहाद' हो।" त्यसपछि उहाँले भन्नुभयो, "के म तिमीलाई यी सबै कुराको सार नबताऊँ?" मैले भनेँ, 'अवश्य बताइदिनुहोस्, हे अल्लाहका रसूल!' उहाँले आफ्नो जिब्रो समातेर भन्नुभयो, "यसलाई नियन्त्रणमा राख।" मैले सोधेँ,
'हे अल्लाहका नबी! के हामी बोलेका कुराहरू प्रति पनि जवाफदेह हुनेछौं?' उहाँले भन्नुभयो, "हे मुआज! तिम्रो आमाले तिमीलाई गुमाओस्! (यो अरबी भाषामा सावधान गराउन भनिन्छ) मानिसहरूलाई उनीहरूको अनुहार वा नाकद्वारा घिसारेर आगोमा फ्याँकिनुको कारण उनीहरूको जिब्रो (बोली) नै त हो।" [सही] [तिर्मीजीले वर्णन गरेका छन्]

मुआज (रजियल्लाहु अन्हु) ले भन्नुभयो: एक यात्रामा म नबी (सल्लल्लाहु अलैहि व सल्लम) को साथमा थिएँ र एक दिन म उहाँसँग नजिक भएँ जब हामी हिँडि रहेका थियौं । अत: मैले भनेँ: हे अल्लाहका रसूल ! मलाई जन्नत (स्वर्ग) लैजाने र नरकबाट टाढा राख्ने कुरा बताइ दिनुहोस् । उहाँले भन्नुभयो : तिमीले मसित एउटा महान् कामका बारेमा सोध्यौ जो मनको लागि भारी हुन्छ । तर अल्लाहले साथ दिनु भयो भने सजिलो पनि हुन्छ । इस्लामका फराइज (अनिवार्य कर्म) हरू पुरा गर । अल्लाहको उपासना गर र उहाँका साथमा कसैलाई साझी न बनाऊ । दोस्रो : तिमीले दिन रातमा अनिवार्य गरिएका नमाज़ कायम गर । फजर, जोहर, असर, मग्रिब र इशा तिनका शर्त र आधार एवं वाजिबहरूका साथ।" तेस्रो: तिमीले अनिवार्य जकात निकाल, जुन इस्लामिक कानूनमा निश्चित मात्रामा पुग्ने सबै सम्पत्तिमा अनिवार्य हुन्छ र यो यसको हकदारहरूलाई दिइन्छ। चौथो: रमजानको रोजा राख, रोजा भनेको उपासनाको मनसायले खानु पिउनु र यस बाहेक रोजा तोड्ने अन्य

चीजहरूबाट बिहान सूर्योदय देखि सूर्यास्तसम्म रोकिनु हो । पाँचौं: तपाईंले अल्लाहको उपासनाका लागि अल्लाहको घर मक्का जानु र हजका अर्कान (गर्नु पर्ने अनिवार्य कामहरू) पूरा गर्नु । फेरि उहाँले भन्नुभयो: के म तिमीलाई भलाइको ढोकामा पुर्याउने माध्यमहरूको बारेमा न बताउँ? यो ती फर्जहरू र नफ्लहरू पुरा गरेर हुन्छ: पहिलो: स्वैच्छिक (नफ्ल) उपवास, यसले मनोकांक्षाहरू र शक्तिलाई कमजोर बनाएर पापहरूमा पर्नबाट रोक्छ । दोस्रो: स्वैच्छिक दान यसले पाप गरि सकेपछि त्यसलाई हटाउँछ र यसको प्रभावलाई मेटाउँछ। तेस्रो: रातको अन्तिम तिहाइमा तहज्जुदको नमाज पढ, त्यसपछि उहाँले, अल्लाह तआलाको यो कथन पढ्नु भयो: {तिनीहरू आफ्नो ओछ्यानबाट अलग्गै रहन्छन् } अर्थात्, तिनीहरूले आफूलाई {ओछ्यानबाट} टाढा राख्ने गर्छन् । आराम गर्ने ठाउँहरूबाट, {उनीहरूले पुकारेका हुन्छन् आफ्ना पालनकर्तालाई} नमाज र दुआ जिक्र र कुरआन पढेर {डर र आशाका साथ र हामीले उनीहरूलाई दिएका कुराहरूबाट खर्च गर्दछन्, त्यसैले कसैलाई थाहा छैन तिनीहरूको आँखामा शितलताका लागि के लुकाएर राखिएको छ} अर्थात् यस्ता चिजहरू जसले उनीहरूको आँखा शितल होलान् कयामतका दिन सदा रहने वाला जन्नतमा । {बदलाको रुपमा उनीहरूका कर्महरूको जो उनीहरूले गरेका हुन् ।} तब उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभयो: के म तिमीलाई {दीन} धर्मको असल बारेमा बताइदिउँ र त्यसको स्तम्भ जसमा यो निर्भर छ ? अनि यसको शिरका बारेमा न बताइदिउँ ? मुआज (रजियल्लाहु अन्हु) ले भन्नुभयो : (जरूर) बताउनुहोस् , हे अल्लाहका रसूल ! नबी, (सल्लल्लाहु अलैहि व सल्लम) ले, भन्नुभयो: कार्यको मूल आधार इस्लाम हो, जुन शाहदतैन (दुई कलिमा) मा समेटिएको छ। यी दुई कलिमाको माध्यमबाट व्यक्तिसँग धर्मको मूल सार रहन्छ। त्यसको स्तम्भ : नमाज हो । नमाज नभए इस्लाम हुँदैन । जसरी स्तम्भ बिना घरको कल्पना गर्न सकिदैन । अत: जसले नमाज पढ्छ उसको दीन (धर्म) दर्हो हुन्छ र उच्च हुन्छ । यसरी नै यसको जुरोको टुप्पो र यसको उच्चता अल्लाहको बोल उच्च गर्नका निमित्त अल्लाहका शत्रुहरूका साथमा जिहादद्वारा हुन्छ । त्यसपछि (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: के म तिमीलाई बितेका कुराहरूको बुद्धिमत्ता र पूर्णताको बारेमा नभनूँ? उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो जिब्रो समात्नु भयो र भन्नुभयो : यसलाई रोकेर राख र तिम्रो सरोकार नभएको कुरा न बोल । मुआज (रजियल्लाहु अन्हु) ले भन्नुभयो : के हामीले बोलेका हरेक कुरामा हामीलाई हाम्रा रब (पालनकर्ता) ले पकड गर्नु हुन्छ र हिसाब लिनु हुन्छ र सजाय दिनु हुन्छ ?। उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "तिमीलाई तिम्रो आमाले हराओस् ।" यो वाक्यले श्राप दिएको भनिदैन । अरबहरू यस्तो शब्दको प्रयोग कुनै यस्तो कुरालाई जसबाट सावधान हुनु पर्ने थियो तर सावधान नभए र वा थाहा पाउने पर्ने तर थाहा नभएको रहेछ भने भन्ने गर्छन् । फेरि उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: मान्छेहरूलाई मुख घोप्ट्याएर जहन्नम (नरक) मा फ्यालिने कारण यही हो कि उनीहरू आफ्नो मुखले कुफ्रका वाक्यहरू बोल्ने गर्थे । गाली गलौच, कुरा काट्नु, कुरा लगाउनु र लाञ्छना लगाउनु आदि गर्ने गर्छन् ।

http://www.sunnah.global/hadeeth/ne/show/66530